

# ९ दुषित वा सङ्क्रमित तत्वबाट शुद्‌धतातर्फ

*यस अध्यायका मूल पदहरू:* दानिएल ८, दानिएल २:३८, उत्पत्ति ११:४, लेबी १६ र हिब्रू ९:२३-२८।

*यस अध्यायको मूल सार पद:* **"अनि उहाँले मलाई भन्नुभयो "दुई हजार तिनसय दिनहरूपछि पवित्र मन्दिरको शुद्धीकरण गरिनेछ" (दानिएल ८:१४ रूपान्तरित)।**

**अगमवक्ता** दानिएललाई ई.पू. ५४८ वा ५४७मा दिएको स्वप्नदर्शन दानिएल ८ अध्यायमा लेखिएको छ। उक्त स्वप्नदर्शनले दानिएल ७मा उल्लेख गरेको न्यायीक अदालतको बारेमा अत्यन्तै महत्त्व र स्पष्टताका साथ व्याख्या गरेको छ। दानिएलको दानिएल २ र ७का स्वप्नदर्शनहरूमा बेबिलोनलाई उल्लेख गरेको थियो भने दानिएल ८मा मिडपर्सियाको राज्यलाई उल्लेख गरेर यसको थालनी हुन्छ किनभने त्यस समय बेबिलोनको पतन हुँदै र पर्सियाको शक्तिले अर्को विश्व साम्राज्य हात पार्दै थियो। दानिएल ८को स्वप्नदर्शन दानिएल ७सँग मिल्दोजुल्दो छ। लवज वा भाषा र चिन्ह तथा प्रतीकहरू दानिएल ८मा परिवर्तन भएको छ। किनभने दानिएल ८ले प्रायश्चितको दिनमा गरिने स्वर्गको पवित्र मन्दिरको सफाइ वा शुद्धीकरणसँग स्पष्टरूपमा केन्द्रिभूत गरेको छ। यसरी दानिएल ८को विशेषता नै स्वर्गमा रहेको पवित्र मन्दिरमा हुने कार्यलाई औंल्याउनु हो। दानिएल ७मा दानिएलले स्वर्गमा बसेको अदालत र मानिसको पुत्रले राज्यलाई सम्हाल्न दिएको दृश्य देखाइएको थियो भने दानिएल ८मा स्वर्गको मन्दिरलाई शुद्धीकरण गरिएको देखाइएको छ। त्यसकारण जुनरूपले ती दुई अध्यायहरू एक आपसमा गाँसिएर लेखिएको थियो त्यसलाई अर्थपूर्ण मान्नुपर्छ। दानिएल ८मा देखाइएको

स्वर्गको पवित्र मन्दिरको शुद्धीकरणको दृश्य दानिएल ७मा देखाइएको अदालतको दृश्यसँग सम्बन्धित भएको थियो।

## १. भेंडा र बाख्रा

दानियलले दानिएल ८मा आफूले फेरि देखेको स्वप्नदर्शन लेखेका छन्। त्यो दर्शन केको बारेमा छ र दानिएल २ र ७सँग त्यो दर्शनको के समानता छ? हेर्नुहोस् दानिएल ८ "१ अघिल्लो दर्शन मलाई देखा परेपछि, राजा बेलसजरको राज्यकालको तेस्रो वर्षमा म, दानिएलले एउटा अर्को दर्शन देखें। २ मेरो दर्शनमा मैले आफैलाई एलाम प्रदेशको शूशनको किल्लामा देखेंस दर्शनमा म ऊलै नहरको छेउमा थिएँ। ३ मैले हेरें, र मेरो सामु नहरको छेउमा उभिरहेको दुई सीङ भएको एउटा भेड़ा थियो, र ती सीङहरू लामा थिए। तीमध्ये एउटा अर्कोभन्दा लामो थियो, तर त्यो पछि उम्रेको थियो। ४ त्यो भेड़ाले पश्चिम र उत्तर र दक्षिणतिर हानिरहेको मैले हेरें। त्यसको विरुद्धमा कोही पनि खड़ा हुन सकेन र कसैले पनि त्यसको शक्तिबाट छुटाउन सकेन। त्यसले जे इच्छा लाग्यो, त्यही गऱ्यो र महान् बन्यो। ५ जसै मैले यसबारे विचार गर्दैथिएँ, अचानक आँखाहरूका बीचमा एउटा विशेष सीङ भएको एउटा बोका जमिनलाई नछोईकन पूरा पृथ्वीलाई पार गर्दै पश्चिमबाट आयो। ६ मैले देखेको नहरको छेउमा खड़ा भएको दुई सीडे भेड़ातिर त्यो आयो र ठूलो झोंकले त्यसलाई हान्यो। ७ रीसले चूर भई त्यसले भेड़ालाई आक्रमण गरी हानेर त्यसका दुई वटै सीङ भाँचिदिएको मैले देखें। त्यसको विरुद्ध खड़ा हुन त्यो भेड़ा शक्तिहीन थियो। त्यस बोकाले त्यसलाई जमिनमा पछारिदियो र त्यसमाथि टेक्यो, र त्यसको शक्तिबाट भेड़ालाई छुटाउन कसैले पनि सकेन। ८ त्यो बोका अति ठूलो भयो, तर त्यसका शक्तिको चरम सीमामा त्यसको विशाल सीङ भाँचियो र त्यसको सट्टामा आकाशका चारै बतासतर्फ विशेष सीङहरू उम्रे। ९ तिनीहरूमध्येबाट अर्को एउटा सीङ आयो, जो सानोबाट सुरु भयो तर दक्षिणतिर र पूर्वतिर र सुन्दर भूमितिर शक्तिशाली हुँदै बढ्दैगयो। १० स्वर्गका सेनाहरूसम्म नपुगुञ्जेल त्यो बढ्दैगयो, र त्यसले केही ताराका दललाई तल पृथ्वीमा खसाल्यो र तीमाथि खुट्टाले कुल्च्यो। ११ त्यसले आफैलाई राजकुमार जत्तिकै महान् तुल्यायो। त्यसले उहाँबाट दैनिक बलिदान खोस्यो, र उहाँको पवित्रस्थान तल झारियो। १२ विद्रोहको कारणले पवित्र जनहरूका सेना र दैनिक बलिदान त्यसलाई सुम्पियो। त्यसले गरेका सबै काममा त्यो सफल भयो, र सत्यलाई भूइँमा फ्याँकियो। १३ त्यसपछि मैले एउटा पवित्र जनले बोलेको

सुनें, र अर्को पवित्र जनले उनलाई भने, 'यो दर्शन पूरा हुन कति समय लाग्ला' अर्थात्, दैनिक बलिदान, उजाड़ पार्ने विद्रोह, र पवित्रस्थान र सेनालाई खुट्टाले कुल्चिनेसम्बन्धी दर्शन पूरा हुन कति समय लाग्ला? ' १४ उनले मलाई भने, 'दुई हजार तीन सय साँझ र बिहान लाग्नेछ, तब पवित्रस्थानको पूनःअर्पण हुनेछ।' १५ जसै म, दानिएल, दर्शन हेर्दैथिएँ र त्यो बुझ्न कोशिश गर्दैथिएँ, मानिसको रूपमा एक जना मेरो सामु उभिए। १६ अनि मैले ऊलैबाट यसो भनेर बोलाएको मानिसको स्वर सुनें, 'हे गब्रिएल, यस मानिसलाई दर्शनको अर्थ बताइदेऊ।' १७ जसै तिनी म उभिएको ठाउँ नजिक आए, म डरले भयभीत भएर लम्पसार परें। तिनले मलाई भने, 'हे मानिसको पुत्र, यो बुझ कि दर्शनले अन्तको समयलाई सङ्केतगर्दछ।' १८ तिनले मसँग बोल्दैगर्दा, मेरो अनुहार भूइँमा थियो र म मस्त निद्रामा थिएँ। तब तिनले मलाई छोएर मेरो खुट्टामा उभ्याए। १९ तिनले भने, 'क्रोधको समयमा पछि के हुनेछ, म तिमीलाई बताउन लागिरहेछु, किनभने दर्शनले तोकिएको अन्तको समयलाई बताउँदछ। २० तिमीले देखेको त्यस दुई सीडे भेड़ाले मादी र फारसका राजाहरूलाई जनाउँछ। २१ त्यो रौंले ढाकेको बोकाचाहिँ ग्रीसको राजा हो, र त्यसका आँखाका बीचमा भएको ठूलो सीङ त्यसको प्रथम राजा हो। २२ त्यस भाँचिएको सीङको सट्टामा उम्रेका चार सीङहरूचाहिँ त्यसैबाट निस्केका चार राज्यहरू हुन्, तर पहिलो राज्यजस्तो ती बलिया हुनेछैनन्। २३ तिनीहरूका राज्यकालका पछिल्ला दिनहरूमा जब विद्रोहीहरूको दुष्टता चरम सीमामा पुगेको हुनेछ, तब एउटा हठी, षड्यन्त्रमा पोख्त राजा उठ्नेछ। २४ त्यो धेरै बलवान् हुनेछ, तर त्यसको आफ्नो शक्तिले होइन। त्यसले अचम्मको विध्वंस ल्याउनेछ, र जे गर्छ त्यसमा सफल हुनेछ। त्यसले शक्तिशाली मानिसहरू र पवित्र जनहरूलाई नाश गर्नेछ। २५ त्यसले छललाई सफल पार्नेछ र आफैलाई उच्च ठान्नेछ। जब तिनीहरूले सुरक्षाको महसूस गर्छन्, त्यसले धेरैलाई नष्ट गर्नेछ र राजकुमारहरूका राजकुमारको विरुद्धमा त्यो खड़ा हुनेछ। तापनि त्यो नष्ट हुनेछ, तर कुनै मानिसको शक्तिद्वारा होइन। २६ 'तिमीलाई दिइएको साँझहरू र बिहानहरूसम्बन्धी दर्शन सत्य छ, तर त्यो दर्शनलाई मोहोरलगाई बन्द गर, किनभने यो धेरै पछिको भविष्यसँग सम्बन्धित छ।' २७ म, दानिएल, अति थकित भएँ र केही दिनसम्म बिरामी भई परिएँ। तब म उठेर राजाको कामधन्धामा लागें। दर्शनको कारण म व्याकुल भएँ, यो समझदेखि बाहिरको कुरा थियो।"

दानिएल २ र ७ पछि दानिएललाई अर्को दर्शन दिइएको थियो। त्यसमा पनि विश्व साम्राज्यको उदय र पतनको बारेमा दानिएललाई देखाइएको थियो। तर यस बेला उनलाई अर्कै प्रतीकहरू प्रयोग गरेर ती साम्राज्यहरूको बारेमा दर्शन देखाइएको थियो। परमेश्वरको पवित्र मन्दिरसँग सिधै सम्बधित प्रतीक त्यसमा थियो। यस समय भेंडा र बोकाको प्रतीकलाई प्रयोग गरिएको थियो। ती दुवै पशुहरू पौराणिक इस्रायलको पवित्र मन्दिरमा हुने प्रायश्चितको दिनमा हुने विधिसँग सम्बधित थिए। यसलाई पौराणिक इस्राएलमा न्यायको दिन मानिन्थ्यो। पवित्र मन्दिरमा हुने सेवाकार्य विधिमा ती दुवै पशुहरू बलिको रूपमा प्रयोग हुन्थ्यो। त्यसकारण यहाँ ती दुई पशुहरू जानाजानी प्रायश्चितको दिनलाई औंल्याएर दर्शनमा देखाइएको थियो। त्यसैले दानिएल ८ अध्यायको मुख्य केन्द्रबिन्दु वा फोकस नै प्रायश्चितको दिन हो।

जब दर्शन खोलिन्छ तब एउटा भेडाले तिन दिशातिर धकेलिरहेको वा हाँकिरहेको दृश्य दानिएल देख्दछन्: पश्चिम, उत्तर र दक्षिण (दानिएल ८:४)। यो तीनतिर हाँकिएको चालले राज्यशक्तिको बिस्तारलाई देखाउँछः "त्यसकारण कुनै पनि पशुले उसको सामना गर्न सकेन। न त त्यहाँ कुनै शक्ति थियो जसले उसको हातबाट छुटाउन सक्थ्यो। उसले आफूलाई जे जे मन लाग्यो त्यही गऱ्यो र ऊ महान् भयो" (दानिएल ८:४ रूपान्तरित)। दानिएललाई स्वर्गदूतले त्यस भेडाको अर्थ बताउँछन्। त्यो भेडा मिड र पर्सियाको साम्राज्य हो (दानिएल ८:२०) र तीनतिर हाँकिनुको अर्थ उसले गरेको तीन मुख्य युद्ध हुन सक्छ र त्यो शक्ति विश्वको शक्तिशाली साम्राज्यको रूपमा खडा भएको थियो।

अर्को, एक सिङे बोका दानिएलको दर्शनमा देखा पर्छ। अलेक्जेन्डर महानको नेतृत्वमा खडा भएको ग्रीक साम्राज्यलाई यस बोकाको प्रतीकले बुझाउदछ (दानिएल ८:५)। त्यो बोका "जमीनमा नछोइ" (दानिएल ८:५ रूपान्तरित) अघि बढ्छ। त्यसको अर्थ द्रुतगतिले चलेको शक्ति हो भन्ने जनाउँछ (अलेक्जेन्डर महानलाई घोडामा चढेर द्रुतगतिमा गएको चित्रण इतिहासको पानामा उल्लेख गरिएको छ-अनुवादकको टिप्पणी)। यो चलिरहेको बोकाको प्रतीकले अलेक्जेन्डरको विजय छिटो छिटो भइरहेको छ भन्ने देखाउँछ। दानिएल ७मा ग्रीक शक्तिलाई पखेटा भएको चितुवाद्वारा जनाइएको छ। तर भविष्यवाणीमा बताइए अनुसार यो बोका "बलियो भयो र यसको ठूलो सिङ भाँचियो" (दानिएल ८:८ रूपान्तरित) र त्यहाँबाट चारवटा सिङलाई ठाउँ मिल्छ। यी कम्पास उपकरणमा भएको दिशानिर्देश गर्ने चारदिशाहरू हुन्।

कम्पासले पृथ्वीको दिशालाई औँल्याउँछ। जब अलेक्जेन्डर महानको ई.पू. ३२३मा बेबिलोनमा मृत्युभयो तब उनको राज्यलाई चार जना सेनापतिहरूले आपसमा भाग लगाइएका थिए। यसले चारवटा सिङको भविष्यवाणी पूरा गर्दछ।

**दानिएल २:३८ र दानिएल ८:२०,२१मा दिइएको दर्शनमा कुन साम्राज्यहरू हुन् भनेर किटान गरेर नै नाउँ दिइएको छ। यो अचम्मको तथ्यले हामीले अर्थ लगाएको भविष्यवाणी कतिको ठिक रहेछ भनेर कसरी बताउँछ वा प्रमाणित गर्छ?**

## २. सानो सिङको उदय

**दानिएल ८:८-१२ ध्यान दिएर पढ्नुहोस्। कुन दिशाहरूतर्फ सानो सिङ गइरहेको थियो? यो बुझ्न किन जरुरी र महत्त्वपूर्ण छ? हेर्नुहोस् "८ त्यो बोका अति ठूलो भयो, तर त्यसका शक्तिको चरम सीमामा त्यसको विशाल सीङ भाँचियो र त्यसको सट्टामा आकाशका चारै बतासतर्फ विशेष सीङहरू उम्रे। ९ तिनीहरूमध्येबाट अर्को एउटा सीङ आयो, जो सानोबाट सुरु भयो तर दक्षिणतिर र पूर्वतिर र सुन्दर भूमितिर शक्तिशाली हुँदै बढ्दैगयो। १० स्वर्गका सेनाहरूसम्म नपुगुन्जेल त्यो बढ्दैगयो, र त्यसले केही ताराका दललाई तल पृथ्वीमा खसाल्यो र तीमाथि खुट्टाले कुल्च्यो। ११ त्यसले आफैलाई राजकुमार जत्तिकै महान् तुल्यायो। त्यसले उहाँबाट दैनिक बलिदान खोस्यो, र उहाँको पवित्रस्थान तल झारियो। १२ विद्रोहको कारणले पवित्र जनहरूका सेना र दैनिक बलिदान त्यसलाई सुम्पियो। त्यसले गरेका सबै काममा त्यो सफल भयो, र सत्यलाई भूइँमा फ्याँकियो।**

आकाशको चारवटा बतासतिर चारवटा सिङहरू फैलिएका थिए भनेर चित्रण गरेपछि त्यसबाट एउटा सानो सिङ उम्र्यो भनेर बाइबलले बताउँछ। तर त्यो सिङ वा शक्ति चारवटा सिङहरूबाट उम्रेको थियो जुन हामीले अगाडि हेऱ्यौं यसले अलेक्जेन्डर महानका चार सेनापतिहरूलाई औंल्याउँछ वा चारवटा बतासहरूमध्ये सिङ कुन हो भन्ने कुरो स्पष्ट देखिदैन। जुन भाषामा यी पदहरू लेखिएका थिए त्यस भाषाको व्याकारण अनुसार त्यो सिङ आकाशको चार बतासहरूमध्ये एकबाट आएको थियो भनेर लेखिएको छ। यो शक्ति ग्रीक साम्राज्यपछि र चारटुक्राहरूबाटै आएको हुनाले यसलाई रोम भनेर बुझिएको छ। दुवै मूर्तिपूजा गर्ने रोम र धार्मिक शक्ति पोपतन्त्र उक्त सिङको प्रतीक हो भन्ने जनाउँछ। "सानो सिङले रोमको दुवै पक्षलाई जनाउँछ। ती दुवै पक्षहरू

हुन् मूर्तिपूजा गर्ने रोमी साम्राज्य र पोपतन्त्र। दानिएलले पहिलो पल्ट मूर्तिपूजा गर्ने रोमलाई देखेका थिए। त्यो राजनैतिक शाही पक्ष थियो जसले यहूदी मानिसहरूलाई र सुरुको इसाईहरूलाई सताएका थिए। अनि पोपतन्त्र जसले त्यसको उदयदेखि वर्तमान् र भविष्यलाई देखाउँछ। त्यस पोपियशक्तिले परमेश्वर र परमेश्वरको वचनमा र येशूलाईमात्र विश्वास गर्ने जनहरूलाई सताएका थिए र सताइ नै रहनेछन्।"-*सेभेन्थ-डे एडभेन्टिस्ट बाइबल कमेन्टरी,* ठेली ४, पृ. ८४१बाट रूपान्तरित।

बाइबल अनुसार त्यो सानो सिङको चाल पहिले तेर्सो थियो, दानिएल ८:९ले भन्दछ "९ तिनीहरूमध्येबाट अर्को एउटा सिङ आयो, जो सानोबाट सुरु भयो तर दक्षिणतिर र पूर्वतिर र सुन्दर भूमितिर शक्तिशाली हुँदै बढ्दैगयो।" यी तिन दिशाले मूर्तिपूजा गर्ने रोमले कब्जा गरेर शासन गरेका तीन मुख्य देशहरू वा स्थानहरू हुन्।

दानिएलले देखेको दर्शनमा त्यो सानो सिङले उभौं वा सिधा माथितिर हाँकेर आफ्नो शक्तिलाई बिस्तार गरेको थियो। यसको बारेमा बिस्तृत जानकारी पाउनु जरुरी छ। यस मामिलामा त्यो सानो सिङ दानिएल ७मा देखिएको सिङसँग मिलेको यसरी देखाउँछः (१) दुवै सिङको सुरू सानोबाट भएको थियो (दानिएल ७:८,८:९), (२) पछि गएर दुवै अत्यन्तै शक्तिशाली भए (दानिएल ७:२०,८:९), (३) दुवै सिङहरू सताउने शक्तिहरू थिए (दानिएल ७:२१,२५,८:१०,२४), (४) दुवै सिङले आफैलाई महान् ठानेका थिए र परमेश्वरको विरुद्धमा अपमानजनक वचनहरू उच्चारण गरेका थिए, (५) दुवै सिङहरूले परमेश्वरका जनहरूलाई सताउने संकेत गरेका थिए (दानिएल ७:२५,८:२४), (६) दुवैका क्रियाकलापहरू भविष्यवाणीको समय अनुसार चलेका थियो (दानिएल ७:२५,८:१३,१४), (७) दुवै सिङको शक्ति युगको अन्तसम्म चलेको थियो (दानिएल ७:११,२६, ८:२५), (८) दुवै शक्तिको अलौकिक ढंगले नाश हुने कुरा देखाइएको छ (दानिएल ७:११,२६, ८:२५)। अन्तमा आएर दानिएल ७को सानो सिङले पोपतन्त्रलाई औंल्याउने भएकोले सिधामाथितिर आफ्नो शक्ति बढाउन हाँक दिने दानिएल ८को सिङ पनि त्यही शक्ति हो भनेर चिन्न सकिन्छ। त्यसकारण दानिएल २ र ७को सिङहरूले मूर्तिपूजा गर्ने तर सनातन सृष्टिकर्ता परमेश्वरको उपासना नगर्ने रोम र परमेश्वरका जननहरूलाई खेद्ने पोपतन्त्र हुन् भनेर देखाउँदछ।

## ३. परमेश्वरको पवित्र मन्दिरमाथि आक्रमण

**सानो सिङले एक भयानक चाल खेल्दछ, त्यो के हो हेर्नुहोस् दानिएल ८:९-१२ "९ तिनीहरूमध्येबाट अर्को एउटा सीङ आयो, जो सानोबाट सुरु भयो तर दक्षिणतिर र पूर्वतिर र सुन्दर भूमितिर शक्तिशाली हुँदै बढ्दैगयो। १० स्वर्गका सेनाहरूसम्म नपुगुञ्जेल त्यो बढ्दैगयो, र त्यसले केही ताराका दललाई तल पृथ्वीमा खसाल्यो र तीमाथि खुट्टाले कुल्च्यो। ११ त्यसले आफैलाई राजकुमार जत्तिकै महान् तुल्यायो। त्यसले उहाँबाट दैनिक बलिदान खोस्यो, र उहाँको पवित्रस्थान तल झारियो। १२ विद्रोहको कारणले पवित्र जनहरूका सेना र दैनिक बलिदान त्यसलाई सुम्पियो। त्यसले गरेका सबै काममा त्यो सफल भयो, र सत्यलाई भूइँमा फ्याँकियो।"**

दानिएल ८:१०मा सानो सिङले आध्यात्मिक तहमा परमेश्वरको नक्कल गर्न खोज्दछ र उहाँकहाँ पुग्ने साहस गर्दछ। जब बाबेलको धरहरा बनाइँदै थियो त्यसबेला त्यसको निर्माताहरूले स्वर्गसम्म पुग्ने धरहरा हामी बनाउँछौं भनेर दावी गरेका थिए (उत्पत्ति ११:४)। स्वर्गका सेना र ताराहरू भन्दा पुरानो करारमा परमेश्वरका जनहरूलाई सम्बोधन गरिन्छ। प्रस्थान १२:४१ अनुसार इस्राएलीहरू परमेश्वरका सेनाहरू भनेर नाम तोकिएका थिए। परमेश्वरका विश्वासी जनहरू ताराहरू जस्तै चम्किन्छन् भनेर दानिएलले दानिएल १२:४१मा उल्लेख गरेका छन्। तर सानो सिङले गर्ने आक्रमण आकाशका जीवहरूलाई होइन तर परमेश्वरका जनहरूमाथि आक्रमण गर्नेछ। ती जनहरू स्वर्गका नागरिक हुन् (फिलिप्पी ३:२०)। मूर्तिपूजा गर्ने र आफूले आफैलाई भगवान् ठान्ने रोमका सम्राटहरूले हजारौं इसाईहरूलाई हत्या गरेका थिए। तर अब सानो सिङले तेर्सो होइन उभोँतिर हमला गरेको विषयतर्फ हामी केन्द्रित हुन्छौं। यसरी उक्त भविष्यवाणी अन्तमा पूरा भएको हुनुपर्छ जब पोपतन्त्रले युगौं युगसम्म येशूका निष्ठावान् र आस्थावान् विश्वासीहरूलाई सताएको थियो। दानिएल ८:११मा राजकुमार भनेर चर्चा गरिएको छ। दानिएल ९:२५मा उनले राजकुमार मसीह भनेका छन् भने दानिएल १०:२१मा मिखाएल तिम्रो राजकुमार भनेका छन्। त्यसरी नै दानिएल १२:१मा मिखाएल महान् राजकुमार भनेर उल्लेख गरेका छन्। यो येशू ख्रीष्टबाहेक अरू कोही पनि होइन जसलाई यसरी सम्बोधन गरिएको छ। येशू ख्रीष्ट स्वर्गको सेनाध्यक्ष र स्वर्गमा हाम्रो मूल पुजाहारी हुनुहुन्छ भनेर बाइबलमा उल्लेख गरिएको छ। त्यसकारण जब पोपले आफू येशूको प्रतिनिधि हुँ र स्वर्ग, पृथ्वी र नरकको राजकुमार हुँ भनेर (उनको तिन तहमा सजिएको

श्रीपेचले बुझाउँछ) भन्छ ।उसले लादेको धार्मिक प्रणाली तिनै हुन् जसले येशूको पुजाहारी भूमिकालाई पर्दा पछाडि राखेर आफै मध्यस्थकर्ता वा पुजारी हुँ भनेर मानिसहरूलाई रणभुल्लमा पार्दछ।

दानिएल ८:११मा उसले दैनिक बलिदान खोस्यो भनिएको छ। पृथ्वीमा रहेको पवित्र मन्दिरमा हुने दैनिक र विभिन्न विधिहरूलाई यसले याद दिलाउँछ। तिनीहरूमा पशु तथा अन्य बलिहरू र प्रार्थना वा पुजारीले अरूको निम्ति गर्ने बिन्ति। ती सेवाकार्यहरूद्वारा पापीहरूको पाप क्षमा हुन्थ्यो र पापलाई कसरी सम्हाल्ने भन्ने जिम्मा पवित्र मन्दिरले लिएको थियो। यस पृथ्वीमा भएको पवित्र मन्दिरमा पुजारीले गर्ने परमेश्वरसँगको बिन्तिभाऊले स्वर्गमा येशूले गर्ने बिन्तिभाऊको सेवाकार्यलाई औंल्याएको थियो। त्यसकारण, भविष्यवाणीले औंल्याए अनुसार येशूले पापीहरूको निम्ति गर्नुहुने प्रार्थना वा बिन्तिभाव अर्थात् पहल जब पोप र उनका पुजारी वा फादरहरूले गर्छन् भनेर दावी गरिन्छ तब तिनीहरूले येशूको ठाउँमा आफूलाई बसाल्छन् भन्ने कुरा देखाउँछ। यसरी सानो सिङले गर्ने यस्तो नक्कली आराधनाले येशूले गर्नुहुने पहल वा बिन्तिभावलाई खोसेको हुन्छ। त्यो प्रक्रिया येशूको पवित्र मन्दिर वा स्थानलाई खसालिएको सङ्केत थियो।

"त्यसले गरेका सबै काममा त्यो सफल भयो, र सत्यलाई भूइँमा फ्याँकियो।" (दानिएल ८:१२)। येशूले आफै सत्य हुँ भनेर दावी गर्नुभएको छ (यूहन्ना १४:६) साथै उहाँले परमेश्वरको वचन सत्य हुन् भनेर औंल्याउनुभएको छ। त्यसको बिपरीत इतिहासले बताउँदछ कि पोपले मानिसहरूले बुझ्ने भाषामा बाइबल अनुवाद गर्न मनाही गरेको थियो र बाइबल अनुवाद गर्ने र छाप्नेहरूलाई शहीद बनाएको थियो। बाइबलको परिभाषा दिने र अर्थ लगाउने जिम्मा आफ्नो चर्चकोमात्र हो त्यसैले कुनैपनि व्यक्तिलाई बाइबल पढेर त्यसको अर्थ लगाउने अधिकार छैन भनेर रोमन क्याथोलिक चर्चले आधिकारिक रूपमै आदेश दिएको थियो। त्यसको साथै बाइबलसँगसँगै बाइबलले अनुमोदन नगरेका बिभिन्न धार्मिक र सांस्कृतिक परम्पराहरू पनि चर्चमा भित्र्याए। ती परम्पराहरूलाई बाइबलभन्दा माथि राखेर विश्वासको सर्वोच्च आधार तिनीहरू नै हुन् भनेर रोमन क्याथोलिक चर्चले सिकाएको थियो।

**परमेश्वरलाई भावनात्मक रूपमामात्र होइन बाइबलीय सत्यको ज्ञानले पनि विश्वास गर्नुपर्छ भनेर यस अध्ययनले हामीलाई कसरी सिकाउँछ? यदि**

**बाइबलको ज्ञान हामीमा भएन भने विभिन्न मानवीय परम्पराहरू हाम्रो आत्मिक जीवनमा कसरी घुस्न सक्छ जुन परमेश्वरको वचन बिपरीत चाल हो।**

## ४. पवित्र मन्दिरको शुद्धीकरण वा पुनःअर्पण

**दानिएल ८:१४मा के लेखिएको छ? हेर्नुहोस् "उनले मलाई भने, 'दुई हजार तीन सय साँझ र बिहान लाग्नेछ, तब पवित्रस्थानको पूनःअर्पण हुनेछ।'"**

सानो सिङको ध्वंसात्मक आक्रमण पछि पवित्र स्थान वा मन्दिर पुनःअर्पण वा शुद्ध गरिनेछ भनेर घोषणा गरिन्छ। दानिएल ८:१४मा पवित्र मन्दिर शुद्धीकरण गर्ने प्रक्रियालाई बुझ्न दानिएल ७:९-१४मा चित्रण गरिएको न्याय वा अदालत बसेको दृश्यसँग मिलाएर बुझ्नुपर्छ। पृथ्वीमा होइन स्वर्गमा अदालत बसेको वा न्याय प्रक्रिया चलेको हुनाले पवित्र स्थान स्वर्गमा भएको हुनुपर्छ। मानिसहरूको मामिलामा न्यायिक दृष्टिकोण र परमेश्वरको सम्बन्धले हेरिने उहाँको हस्तक्षेपलाई दानिएल ७मा खुलाइएको छ भने दानिएल ८मा त्यही घट्नालाई पवित्र मन्दिरको दृष्टिकोणले वर्णन गरिएको छ।

पौरणिक इस्राएलमा स्थापना गरिएको पवित्र मन्दिर स्वर्गको मन्दिरको नक्कल वा प्रतिलिपि थियो। यसले मुक्तिको योजनालाई बृहतरूपमा चित्रण गरेको थियो अर्थात् मन्दिरमा गरिने विभिन्न विधि तथा सेवाकार्यले मुक्तिको योजनालाई बुझाउँथ्यो। प्रत्येक दिन पापीहरूले मन्दिरमा पशुहरू बलि दिन ल्याउथे। त्यहाँ पशुबलि दिनुले पापलाई स्वीकार गरेको बुझाउने हुनाले पापीहरूको पाप क्षमा भएको विश्वास गरिन्थ्यो। अनि तिनीहरूको पाप मन्दिरमा सरेको सङ्केत हुन्थ्यो। त्यस परिणामले पापीहरूको पापले पवित्र मन्दिर दुषित भएको हुन्थ्यो। त्यसकारण बेलाबेलामा मन्दिरको शुद्धीकरण वा पुनःअर्पण गर्नुपपर्ने आवश्यकता त्यहाँ थियो।जहाँ मानिसहरूको पापको लेखा पखालिन्थ्यो। यसलाई प्रायश्चितको दिन वा डे अभ आटोन्मेन्ट भनिन्थ्यो जुन कार्य वर्षको एक पटक गरिन्थ्यो। यसको विस्तृत विवरण लेबी १६मा उल्लेख गरिएको छ।

तर स्वर्गमा भएको पवित्र मन्दिर किन सफा गर्नुपर्छ वा शुद्धीकरण गर्नुपर्छ र? तुलनात्मकरूपमा वा साङ्केतिक अर्थमा भन्ने हो भने पापीहरूले येशूलाई ग्रहण गरेर स्वीकार गरेका पापहरू स्वर्गमा भएको पवित्र मन्दिरमा सरेको हुन्थ्यो। जब इस्राएलीहरू पवित्र मन्दिरमा आएर विधिपूर्वक आफ्नो पाप स्वीकार गर्दथे तब तिनीहरूको पाप पवित्र मन्दिरमा सरेको हुन्थ्यो। प्रायश्चितको दिनमा धेरै पशुहरूको बलि दिइन्थ्यो। त्यसले भविष्यमा हुने

येशूको मृत्युलाई देखाउथ्यो। त्यसैले पापीहरू प्रायश्चितको दिनमा पाप क्षमा भएर ढुक्कसँग उभिन सक्थे।

जसरी पृथ्वीमा भएको पवित्र मन्दिर प्रायश्चितको दिनमा शुद्धीकरण वा पुनःअर्पण गरिनुपर्थ्यो भने येशूको रगतले क्षमा भएका पापीहरूको पाप स्वर्गबाट पखालिनु झन् कतिको महत्त्वपूर्ण होला? जब हाम्रो न्याय हुन्छ येशूकै रगतले हामी निर्दोष भएर परमेश्वरको सामु खडाहुन्छौं। दानिएल ८:१४मा स्वर्गको पवित्र मन्दिरको शुद्धीकरण वा पुनःअर्पण गरिएको चित्रण पृथ्वीको पवित्र मन्दिरमा हुने सेवाकार्यको नक्कलको सक्कलीरूप हो। यस विधिको आधारभूत सन्देश यो होः हामी पापी भएको कारणले हाम्रो पाप क्षमा गर्न मसीहको रगतको आवश्यकता छ जसले गर्दा न्यायको दिनमा खडा हुन हामीलाई सामर्थी बनाउँनेछ।

**हाम्रो मुक्ति येशूको बलिद्वारामात्र हुन्छ भन्ने आत्मिकशिक्षा हिब्रू ९:२३-२८ले कसरी ठोकुवा गर्दछ? हेर्नुहोस्ः "२३ यदि स्वर्गीय कुराहरूका नमूनालाई शुद्ध पार्न यी विधिहरू चाहिए भने स्वर्गकै कुराहरूलाई शुद्ध पार्नु त अझ उत्तम बलिको आवश्यकता पऱ्यो। २४ ख्रीष्ट हातले बनाएको पवित्रस्थानभित्र प्रवेश गर्नुभएन, जोचाहिँ साँचो पवित्रस्थानको नकल मात्र हो, तर उहाँ स्वर्गभित्रै प्रवेश गर्नुभयो, र उहाँ हाम्रो पक्षमा परमेश्वरको सामु उपस्थित हुनुभएको छ। २५ येशू आफैलाई बारम्बार बलि चढ़ाउन स्वयम् पस्नुभएको होइन, जसरी प्रधान पूजाहारी सालिन्दा आफ्नै रगत होइन, तर अर्काको रगत लिएर महापवित्र स्थानभित्र प्रवेश गर्ने गर्दछन्। २६ नत्रता संसारको उत्पत्तिदेखि नै उहाँले बारम्बार दुःख भोग्नुपर्नेथियो। तर यस युगको अन्त्यमा आफ्नै बलिद्वारा पाप हटाउनलाई उहाँ सधैंको निम्ति एकै पल्ट प्रकट हुनुभएको छ। २७ जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ, २८ त्यसरी ख्रीष्ट पनि धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि हुनुभयो, र उहाँ दोस्रो पल्ट देखा पर्नुहुनेछ, पाप बोक्नका निम्ति होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूका उद्धारको निम्ति।**

## ५. भविष्यवाणीको समयतालिका

**दानिएल ८:१३मा के प्रश्न सोधिएको छ? त्यसले अर्को पदलाई बुझाउन कसरी सहयोग गर्दछ? हेर्नुहोस्, "त्यसपछि मैले एउटा पवित्र जनले बोलेको सुनें, र अर्का पवित्र जनले उनलाई भने, 'यो दर्शन पूरा हुन कति समय लाग्ला? अर्थात्, दैनिक बलिदान, उजाड़ पार्ने विद्रोह, र पवित्रस्थान र**

**सेनालाई खुट्टाले कुल्चिनेसम्बन्धी दर्शन पूरा हुन कति समय लाग्ला?'" त्यसको जवाफमा अर्को पद "उनले मलाई भने, 'दुई हजार तीन सय साँझ र बिहान लाग्नेछ, तब पवित्रस्थानको पूनःअर्पण हुनेछ'" (दानिएल८ः१४)।"**

२३०० बेलुका र बिहान भनेको कति समय हो? पहिलो कुरो हामीले यो ख्याल गर्नुपर्छ कि दानिएललाई भेंडा र बोकाको दर्शन देखाएपछि सानो सिङले बिध्वंस मच्चाएको दृश्य देखाइएको थियो अनिमात्र अर्को दर्शनमा दानिएल ८ः१३को प्रश्न उनले सोधेका थिए। भविष्यवाणीको समयतालिकाको अन्त्यपछि के हुनेछ भन्ने बिषयमा बिशेष चासो थियो साथै दानिएललाई देखाएको सबै दर्शन अवधिभरि के हुनेछ त्यो पनि चिन्ताकै विषय थियो। अझ भन्नुपर्दा यो समयलाई सानो सिङको क्रियाकलाभरिमात्र सिमित राखिनुहुन्न किनभने त्यो दर्शनमा तोकिएको समय भेंडाको क्रियाकलापदेखि सानो सिङको क्रियाकलापसम्म फैलिएको थियो। त्यसकारण दर्शनमा तोकिएको समय इतिहासको लामो समयावधि हुनैपर्छ।

यो प्रश्न सोधिएको थियो "भेंडारूपी मिडपर्सिया, बोकारूपी ग्रीस र सानो सिङको (मूर्तिपूजा गर्ने राजनैतिक रोमी साम्राज्य र पोपतन्त्र) क्रियाकलापसम्म देखाइएको दर्शनको समय अवधि कतिसम्म थियो भन्ने प्रश्नमा अर्को स्वर्गको जीवले जवाफ दिए 'दुई हजार तीन सय साँझ र बिहान लाग्नेछ, तब पवित्रस्थानको पुनःअर्पण हुनेछ।'" (दानिएल ८ः१४)। यो समय अवधि लामो थियो भनेर पहिला नै उल्लेख गरिएको छ। यो समय मिडपर्सियाको साम्राज्यदेखि लिएर ग्रीस साम्राज्यसम्म अनि त्यसपछि मूर्तिपूजा गर्ने रोमी साम्राज्य र पोपको राजनैतिक र धार्मिक विगिविगीसम्म फैलिएको छ अर्थात् हजारौं वर्षको समय ओगटेको छ। यस पुस्तकको अध्याय १मा उल्लेख गरिएको छ कि भविष्यवाणीको अर्थ खुलाउँदा एक दिन बराबर एक वर्ष भनेर मानिलिनुपर्छ। अर्थात् २३०० बेलुका र बिहान भन्नुको अर्थ २३०० वर्षसम्म फैलिएको समयतालिकालाई बुझ्नुपर्छ। नत्र भने २३०० दिनलाई अक्षरमा लिइयो भने ६ वा अलिकति बढी वर्षमात्र देखिन आउँछ। दर्शनमा देखाइएको समय तालिका अनुसार हुने घट्नाहरू ६वर्षभित्र हुन्छ भन्ने कुरा असम्भव छ। त्यसकारण एक दिनको अर्थ एक वर्षलाई स्वीकार गरियो भने दानिएलले देखेको दर्शनको सही अर्थ लाग्दछ।

दानिएल ८मा त्यो समय कहिलेदेखि सुरू हुन्छ भन्ने सन्देश हामीलाई उपलब्ध गराइएको छैन। यदि त्यो पदमा त्यो सूचना दिइएको भए त्यसैबेला

त्यो अन्तको समयको पनि हिसाब निकाल्न सकिन्थो। तर त्यसको निर्णायक घट्नाको विवरण दानिएल ९मा खुलाइएको छ जुन अर्को अध्यायमा हेरिनेछ।

**बाइबलमा दिएको भविष्यवाणीको अवधिहरूमा २३०० वर्षको अवधि सबभन्दा लामो छ। २३०० वर्ष रे! सोच्नुहोस्। हामी कति वर्षसम्म जिउँछौं त्यसको अनुपातमा त्यो समय धेरै लामो छ। यसले परमेश्वरसँग र हामीहरूकै समयमा हुने वा भइरहने युगको अन्तिम घट्नाहरूको अपेक्षामा धैर्य धारण गर्नुपर्छ भनेर कसरी सिक्ने?**

**उपसंहारः**

**दानिएल २,७ र ८मा दानिएलले देखेका स्वप्नदर्शनमा देखाइएको राज्यहरूलाई तलको चित्रमा उल्लेख गरिएको छ। स्वर्गमा रहेको पवित्र मन्दिरको शुद्धीकरण वा पुनःअर्पणको बारेमा त्यस चित्रले हामीलाई कसरी बुझाउँछ?**

| | | |
|---|---|---|
| बेबिलोन | बेबिलोन | मिडपर्सिया |
| मिडपर्सिया | मिडपर्सिया | मिडपर्सिया |
| ग्रीस | ग्रीस | ग्रीस |
| मूर्तिपूजा गर्ने रोमी साम्राज्य | मूर्तिपूजा गर्ने रोमी साम्राज्य | मूर्तिपूजा गर्ने रोमी साम्राज्य |
| रोमको पोपको धार्मिक शासन | रोमको पोपको धार्मिक शासन | रोमको पोपको धार्मिक शासन |
| येशूको दोस्रो आगमन | येशूको दोस्रो आगमन | --------------- |

दानिएलले देखेका स्वप्नदर्शनमा उल्लेख गरिएका घट्नाहरू ती तीनै अध्यायहरूमा समानता देखिएको छ। त्यहाँ देखाइएका राष्ट्रहरूमात्र एक आपसमा मिलेको देखिनेमात्र नभएर दानिएल ७मा देखाइएको अदालतको चित्रणको दृश्यपनि दानिएल ८सँग मिलेको देखिन्छ। १२६० वर्षसम्म पोपतन्त्रको शक्तिशाली धार्मिक राज्य (सन् ५३८-१७९८)को अन्तमा हुने पवित्र मन्दिरको शुद्धीकरण वा पुनःअर्पण पनि राजनैतिक रोमको अन्त्यपछि हुनेछ भनेर चित्रण गरिएको कुरा दानिएल ८सँग समान भएको देखिन्छ। संक्षिप्तमा भन्ने हो भने दानिएल ७मा देखाइएको स्वर्गमा बसेको न्यायीक अदालतले युगको अन्तमा हुने न्यायीक फैसलालाई देखाउँछ भने त्यसैसँग सम्बधित दानिएल ८मा पवित्र मन्दिरको शुद्धीकरण वा पुनःअर्पण एउटै हो भनेर बुझाइएको छ। हामीलाई यहाँ एउटै घट्नालाई दुई तर्फबाट चित्रण

गरिएको छ। दुवै घट्ना १२६०को अवधिमा सानो सिङले गर्ने परमेश्वरका जनहरूप्रतिको विध्वंसात्मक क्रियाकलापछि हुने संकेत देखाइएको छ।

**चिन्तनमनन्:**

अ. दानिएल ७मा उल्लेख गरिएको पवित्र मन्दिरको शुद्धीकरण वा पुनःअर्पण १२६० वर्षभित्र सानो सिङको शक्तिप्रदर्शनपछि हुने र परमेश्वरले आफ्नो अन्तिम राज्य स्थापना गर्नुअघि हुनेछ भन्ने कुरा माथि देखाइएको नक्साले कसरी हामीलाई देखाउँछ?

आ. दानिएल ८मा देखाइएको विश्वको इतिहास रमाइलो छैन। यसले विश्वको इतिहासलाई हिंसात्मक र दुष्टताले भरिएको देखाउँछ। दुई पशुहरूले दुई विश्वको शक्तिशाली साम्राज्यहरूलाई देखाउँछन् र तिनीहरूको बीचमा हुने युद्धलाई पनि चित्रण गर्दछ (दानिएल ८:८-१२)। त्यसपछि उदय हुने सानो सिङको शक्ति पनि हिंसात्मक र परमेश्वरका जनहरूलाई यातना दिने शक्ति भनेर देखाइएको छ (दानिएल ८:२३-३५)। यसले गर्दा यस संसारमा भइरहेको दुःखकष्ट, पीडा, आतङ्कको वास्तविकतालाई वेवास्ता गर्न वा न्यूनिकरण गर्न बाइबलले प्रयास गर्दैन। हाम्रो वरिपरि रहेका दुष्टताको वास्तविकता र हामी आफैले पनि झेल्नुपर्ने खराबीको बाबजुद पनि परमेश्वर र उहाँको भलाईप्रति भरोसा राख्न हामी कसरी तयार रहने?

## कथा ९
## चिहानबाट गवाही
## आन्द्र्यु मेकचिस्नी

***जर्ज कोब दुई पल्ट मरेका मानिस*** थिए। कोबको बारेमा मानिसहरूलाई खासै थाहा थिएन। उनको फोटो पनि कहीँ थिएन। तर उनलाई गाडिएको चिहानमा उनको मृत्युको बारेमा दुईवटा मिति लेखिएको छ। अमेरिकाको राज्य ब्रुन्सविकमा रहेको चिहानमा उनलाई गाडिएको थियो। उनको चिहानको ढुङ्गामा उनको जन्म र दुई पल्ट मरेको मिति लेखिएको छः जन्म जुन १०, १७९४, मृत्यु नभेम्बर १०, १८४८, सुतेको मे ९, १८८२।

उनले झण्डै ३८ वर्षसम्म येशूप्रतिको विश्वासमा चासो देखाएका थिएनन्। उनले आफ्नो जीवन राजिखुशीले बिताएका थिए। उनलाई आत्मिक जीवनप्रति चासो थिएन। तर १८८२मा उनले येशूलाई ग्रहण गरे। त्यो ग्रहण गरेको दिन मे ९, १८४८मा थियो। तर उनले नभेम्बर १०, १८४८मा मात्र बप्तिस्मा लिएका थिए। जब उनको मर्ने बेला भएको थियो त्यसबेला आफ्नो चिहानको ढुङ्गामा दुईवटा मृत्युको मिति राख्न भनी उनले अनुरोध गरे। नभेम्बर १०, १८४८मा आफूले येशूलाई विश्वास गरेपछि पुरानो कोब मरेको र आफू येशूमा सुतेको दिन अर्थात मे ९,१८८२। यस दिन उनलाई चिहानमा गाड्दा उनी ८८ वर्षका थिए।

एलेन जी ह्वाइट इस्टेटको अर्थात् एलेन जी ह्वाइटका लेखहरूको संरक्षक अध्यक्ष जेम्स निक्सले यस बारे टिप्पणी गर्दै भने "हाम्रो पूर्खाले देखाएका आस्था, समर्पणता र प्रतिवद्धताको ज्वलन्त उदाहरणहरूमध्ये यो पनि एक हो। येशूप्रतिको मोहमा फसेपछि उहाँका भक्तहरूले जिएको बेलामा र मरेको बेलामा वा प्रभुमा सुतेको बेलामा पनि उहाँको महिमा गर्ने वा उहाँप्रतिको आस्था बाँड्ने तिनीहरूको तिब्र इच्छा हुन्छ।"

त्यस चिहानको पत्थरमा चौथौं आज्ञा पनि कुँदिएको थियो "साबथ दिन पवित्र राख्न याद राख।"

निक्सले कोबको फोटो र उनको सन्तानको बारेमा खोजनिति गरे तर उनले त्यसमा सफलता पाएनन्। "मैले धेरै ठाउँमा उनको फोटो खोजें र चिने जतिलाई सोधें कि कोबको सन्तान कोही छ ?भनेर किनभने म त्यस मानिसको

बारेमा जान्न चाहन्छु जसले आफू मर्ने बेलामा चिहानको ढुङ्गामा के लेख्न भनेर अनुरोध गर्दै पैसा छोडेर गएका थिए" निक्सले यी लेखकलाई भने।

चिहानबाट गवाही दिएको कोबको उक्त विशेषताले धेरै मानिसहरूको मन छोएको थियो। चर्चका सदस्यहरू पनि जब जब त्यस चिहानमा आइपुग्छन् तब तब तिनीहरूको मनमा कोबप्रति श्रद्धा जाग्छ र परमेश्वरको सम्झना गर्छन्।

"उनले यो महसुस गरे कि पहिला आफ्नो स्वार्थलाई मार्नुपर्छ अनिमात्र जीवन जिएको अर्थ हुन्छ। आफ्नो लागि जिएको समय र येशूमा पुनर्जन्म पाएर नयाँ जिवन बिताउन सकेको र पुरानो जीवन मरेको सुन्दर सन्देशले आफ्नो जीवनको बिपरीत पक्षलाई कोबले प्रदर्शन गरेका छन्। उनको चिहानमा आउन पाउनु ठूलो अवसर हो भन्दै" विश्वव्यापी सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको अध्यक्ष टेड एन. सी. विलसनले आफ्नो मन्तव्य व्यक्त गरेका थिए।

तेस्रो पुस्ताका एडभेन्टिस्ट मिसिनेरी करेन ग्लासफोर्डले यो चिहान भेट्टाएकी थिइन्। उनी वर्ल्ड मिशनको चर्चको संस्थामा शिक्षा र संचारको संयोजक भएर काम गर्दछिन्। जब उनले त्यो चिहान भेट्टाइन् तब कोबको पहिलो मृत्युको दिनको मितिको अर्थ उनले बप्तिस्मा लिएको दिन होला भनेर उनले अनुमान गरेकी थिइन्।

"कोबको चिहान कतिपयको निम्ति गवाही भएर खडा भइरहेको छ। धेरैले उनको मृत्युको बारेमा दुईवटा मिति किन राखेको? उनी दुई पल्ट कसरी र किन मरे? भनेर उत्सुकतापूर्वक जिज्ञासा राख्छन्। स्वर्गमा कोबको चिहानको ढुङ्गाको गवाही धेरै मानिसहरू हुनेछन् भन्ने कुरामा मलाई विश्वास छ" करेन ग्लासफोर्डले भनिन्।